महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

गुलरिया नगरपालिका
बर्दिया

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः२०७८/७९
च.नं. १८४ मितिः२०७८/५/४

श्री नगर प्रमुखज्यू,
गुलरिया नगरपालिका बर्दिया ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(नारायण एम.सि.)
नायब महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ - प्रतिवेदन संलग्न छ ।

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्या:२०७८/७९
च.नं. १८५

मितिः २०७८/०५/०४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
गुलरिया नगरपालिका बर्दिया ।

कैफियत सहितको राय

हामीले गुलरिया नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु. ३ करोड ७ लाख बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३ लाख ७८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ४८ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु. ५० लाख ८६ हजार र पेश्की बाँकी रु.३ लाख ४७ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०२।०७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन प्रतिकृया सहितको प्रमाण कागजात आधारमा फछ्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २१ (एकाईस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सि.)
नायब महालेखापरीक्षक

गुलरिया नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । नगरपालिकाको स्थापना २०५३ सालमा भएकोमा तत्कालिन गुलरिया, मथुराहदरबार, मोहम्मदपुर र खैरापुर गा.वि.स.लाई मिलाएर २०७३ सालमा कार्यक्षेत्र वृद्धि भएको हो । यस नगरपालिका अन्तर्गत १२ वडा, ६६ सभा सदस्य, ११८.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा ६६ हजार ६७९ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

आयतर्फ			व्यायतर्फ		
विवरण	रकम	जम्मा रकम	विवरण	रकम	जम्मा रकम
गतवर्षको जिम्मेवारी		**७,०४,०३,५१४।४९**	चालु खर्च		**३८,२४,३२,१३३।४४**
क) नगद			पुँजीगत खर्च		**१८,५३,७०,२००।००**
ख) बैंक	**७,०४,०३,५१४।४९**		वित्तिय व्यवस्था भुक्तानी		०।००
राजस्व		**१३,३६,०९,२८१।७५**	क) ऋण भुक्तानी		
क) आन्तरिक राजस्व	२,३६,१३,४५०।६९		ख) सावा भुक्तानी		
अ) कार्यालय आन्तरिक	१,८१,४५,८१४।४४		ग) व्याज भुक्तानी		
आ) सडक वोर्ड	१२,००,०००।००		लगानी		०।००
इ) अन्य विभिन्न	४२,६७,६३६।२५		ऋण लगानी		
ख) राजस्व बाडफाँड	१०,९९,९५,८३१।०६		सेयर लगानी		
अ) संघीय सरकार	८,७८,६५,०७३।६४		धरौटी फिर्ता		**२५,२६,८०५।००**
आ) प्रदेश सरकार	१,००,०१,८४४।५२		कोष खर्च		**२,८५,५७,१६२।०३**
इ) मालपोतवाट	१,२१,२८,९१३।००		अ) विविध कोष	३८,६३,९४८।००	
			आ) प्रकोप व्यवस्थापन कोष	२,४६,९३,२१४।२३	
वित्तिय हस्तान्तरण(संघीय सरकार)		**५१,०४,५५,०००।००**	मौज्दात		**११,३५,८८,८७८।४९**
क) समानीकरण अनुदान	१७,९०,००,०००।००		क) नगद मौज्दात	०।००	
ख) सशर्त अनुदान	३०,४४,५५,०००।००		ख) बैंक मौज्दात	२६,३५,९४,५४३।४९	
ग) समपुरक अनुदान	१,७०,००,०००।००		अ. सञ्चित कोष	१५,२१,२७,८४३।२१	
घ) विशेष अनुदान	१,००,००,०००।००		आ. चालु खर्च खाता	५,६४,५३,८७५।२८	
वित्तिय हस्तान्तरण(प्रदेश सरकार)		**४,३१,७७,०००।००**	ई. पुँजीगत खर्च खाता	५,५०,१२,८२५।००	
क) समानीकरण अनुदान	५१,७७,०००।००		ग) साट्न वाँकी चेक रकम	७,३७,५२,०८०।२५	
ख) सशर्त अनुदान	१,१०,००,०००।००		अ. चालु खर्च खाता	१,८७,३९,२५५।२५	
ग) समपुरक अनुदान	२,००,००,०००।००		आ. पुँजीगत खर्च	५,५०,१२,८२५।००	

			खाता		
घ) विशेष अनुदान	७०,००,०००।००		घ) को.ले.नि.का फिर्ता	७,६२,५३,५८४।८०	७,६२,५३,५८४।८०
ङ) अन्य			संघीय सशर्त फिर्ता	७,२९,७९,८५८।८०	
अन्तर स्थानीय तहवाट प्राप्त		०।००	प्रदेश सशर्त फिर्ता	३२,७३,७२६।००	
वित्तिय व्यवस्था प्राप्ति		०।००			
क) ऋण प्राप्ति			धरौटी मौज्दात		१,३९,५४,२६८।६६
ख) सावा प्राप्ति			कोष मौज्दात		२,१५,४६,११४।४६
ग) व्याज प्राप्ति			अ) विविध कोष	१,४९,८६,३१८।४९	
घ) अन्य प्राप्ति			आ) प्रकोप व्यवस्थापन कोष	६५,५९,७९५।९७	
विभिन्न कोष तर्फको आय		५,०१,०३,२७६।४९			
क) गत वर्षको जिम्मेवारी	१,७४,७०,०७०।४९		को.ले.नि.का मार्फत खर्च		१४,९०,१४,९५२।२२
अ) विविध कोष	१,४८,१६,५६८।४९		(क) राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण	५,८९,५२७।००	
आ) प्रकोप व्यवस्थापन कोष	२६,५३,५०२।००		(ख) सामाजिक सुरक्षा	१३,८९,५४,७०३।२२	
ख) यस वर्षको प्राप्ति	३,२६,३३,२०६।००		(ग) राष्ट्रिय महिला उत्थान	०।००	
अ) विविध कोष	४०,३३,६९८।००		(घ) स्थानीय पुर्वाधार विकास साझेदारी	७८,६४,७२२।००	
आ) प्रकोप व्यवस्थापन कोष	२,८५,९९,५०८।००		(ङ) वहुक्षेत्रीय पोषण	१०,११,०००।००	
जनसहभागिता (नगद)			(च) समाज कल्याण जेष्ठ नागरिक	१,००,०००।००	
को.ले.नि.का वाट प्राप्त रकम		१४,९०,१४,९५२।२२	(छ) गरिव सँग विश्वेश्वर	४,९५,०००।००	
(क) राष्ट्रिय परिचयपात्र तथा पञ्जीकरण	५,८९,५२७।००				
(ख) सामाजिक सुरक्षा	१३,८९,५४,७०३।२२				
(घ) स्थानीय पुर्वाधार विकास साझेदारी	७८,६४,७२२।००				
(ङ) वहुक्षेत्रीय पोषण	१०,११,०००।००				
(च) समाज कल्याण जेष्ठ नागरिक	१,००,०००।००				
(छ) गरिव सँग विश्वेश्वर	४,९५,०००।००				
धरौटी आय		१,६४,८१,०७३।६६			
क) गत वर्षको जिम्मेवारी	१,१३,८१,१४९।६६				
ख) यस वर्षको प्राप्ति	५०,९९,९२४।००				
जम्मा		९७,३२,४४,०९८।७१			९७,३२,४४,०९८।७१

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।	
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। स्वीकृत कार्यक्रम बिना कारण हटाउने र नयां कार्यक्रम वर्षान्तमा हचुवाको आधार कायम गर्ने देखियो । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण गरि प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा निरिक्षण गरि उल्लेखित कारवाहि गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इटीडिएस नगरेको र कट्टि रकम ढिला दाखिला गरेको देखियो । • पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।ईन्धनको लगबुक र भ्रमण अभिलेख खाता नराखेको साथै भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च लेखेको । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।लक्षित कार्यक्रम छनौट गर्दा संस्था र सहभागीको प्रतिस्पर्धा नगराएको । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७(ख) २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा स्वास्थ्य तर्फका कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन । • मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
	• **बजेट तथा कार्यक्रम**	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिका उप प्रमुख श्री शुसिला गिरीले रु.८४ करोड ३९ लाख ७० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।०३।३० मा पारित भएको छ ।	
५.	**भैपरी बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाले यो बर्ष रु.२४ लाख १५ हजार भैपरी बजेट राखेको छ । उक्त भैपरी बजेट रकम कार्यपालिकाको निर्णयबाट विभिन्न शिर्षकमा बजेट व्यवस्था गरी खर्च गरेको छ । भैपरी बजेटमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
६.	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
७.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
८.	**चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

क्र.			चौमासिक खर्च			रु हजारमा
स.स	बजेट उपशिर्षक	कुल खर्च	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
	चालु खर्चतर्फ	३७८५३४	९०९८४	१०६९१७	१८०६३३	७८९६३
	पूँजिगत खर्चतर्फ	१८५८७४	२१९०७	३२५४९	१३१४१८	९५७०९
	जम्मा	५६४४०७	११२८९१	१३९४६६	३१२०५१	१७४६७२
	प्रतिशत	१००	२०.००	२४.७१	५५.२९	३०.९४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.५६ करोड ४४ लाख ७ हजार निकासा भएकोमा

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	प्रथम चौमासिकमा रु. ११ करोड २८ लाख ९१ हजार, दोश्रो चौमासिकमा रु. १३ करोड ९४ लाख ६६ हजार , र तेश्रो चौमासिकमा रु.३१ करोड २० लाख ५१ हजार खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१७ करोड ४६ लाख ७२ हजार अर्थात ३०.९४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	
९.	**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

रु हजारमा

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	१६४१९	८०६५	१.४३
२	पूर्वाधार विकास	२७५६१९	१६३०६५	२८.८९
३	सामाजिक विकास	३४७०५९	२६१००१	४६.२५
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३७५१३	३०४३८	५.४०
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१२९६१५	१०१८३८	१८.०३
	जम्मा	**८०६२१५**	**५६४४०७**	१००.००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.२५ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा १.४३ प्रतिशत रहेको छ ।	
१०.	**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.२ करोड ३२ लाख ३१ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु ६६करोड ३६ लाख २८ हजार आम्दानी भएकोमा चालु तर्फ रु ३७ करोड ८५ लाख ३४ हजार र पूँजिगत तर्फ रु.१८ करोड ५८ लाख ७४ हजार समेत रु.५६ करोड ४४ लाख ७ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.११ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१५४७०८९४/- खर्च भएको छ जुन आन्तरिक आयको ६६.६० प्रतिशत रहेको छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	
११.	**लक्ष्य प्रगति :** पालिकाले चौमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१२.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत र ईन्जिनियरको पदपूर्ती भएको र २७ विभिन्न पद रिक्त देखिन्छ ।	
१३.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले २ नगर प्रहरी, हलुका सवारी चालक ६, कार्यालय सहयोगी ५,	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	इन्जिनियर १ र अप्रेटर, असिष्टेन्ट इन्जिनियर ७ जना समेत २१ जना कर्मचारीहरु करारमा राखि रु.६१६३५५० खर्च लेखेको छ ।	
१४.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
१५.	**वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।	
१६.	**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था गरेको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
१२	१२	१०	२

विवरण	**जम्मा**
स्वीकृत घरनक्सा दर्ता पास	१११
पञ्जिकरणतर्फ	
नागरिकता सिफारिस	१५६७
घरबाटो सिफारिस	१०३४
नाता प्रमाणित	४५१
जन्म, मृत्यु दर्ता	१४७७
अन्य	१०५१४
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	३
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	१२
ग्राभेल सडक मर्मत	६

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१७.	**योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजनाको विवरण पेश भएन ।पालिकाले यस वर्ष साना रकमका धेरै योजनाहरु संचालन गरेको छ । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैभरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१८.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले वर्षको एक पटक आर्थिक वर्षको अन्त्यमा मात्र लेखापरीक्षण गरेको प्रतिवेदन पेश गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
	• **पदाधिकारी सुविधा**	
१९.	**स्वकीय सचिव र सल्लाहकार** - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर कानुनी सल्लाहकारको रुपमा संजिव कुमार कर्णलाई मासिक रु.२००००/- भुक्तानी हुने गरी रु.२४००००/- तथा प्रेस सल्लाहकारका रुपमा ज्योती पन्थीलाई मासिक रु १५०००/- का दरले भुक्तानी दिनेगरी रु.१८००००/- गरी कुल रु. ४२००००/- खर्च लेखी थप व्ययभार पारेको रु	४२००००/-
२०.	**स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ ।उक्त ऐनको दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसुचि (क) र (ख) मा उल्लेख भएको सूविधामात्र दिन मिल्नेमा पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा रु.२३५२०००/- खर्च लेखेको देखिन्छ ।पालिकाबाट यस वर्ष पारिश्रमिक रु.११४९९८९४।-अन्य सुविधा वापत रु.५०००००/- र पदाधिकारी बैठक भत्ता रु.३४७१०००/- भुक्तानी भएको छ ।	
२१.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष नगर तर्फ रु.१६२४०४६/- र वडा तर्फ रु.१०८१०००/- गरी जम्मा रु.२७०५०४६/- गरेको छ । यसरी खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२२.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.७३२०००/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२३.	**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन वापत प्रमुख प्रशासकीय अधिकृत लाई रु.१५०००/- उप सचिवलाई रु.१३००० सातौं लाई रु.१००००/- छैठौंको रु. ८०००/-	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पांचौको रु. ७०००/- चौथोको रु.६०००/- तथा का. स. को रु.५०००/- र रु रु.४०००/- का दरले प्रोत्साहन भत्ता खर्च लेखेको रु	४०२४५६६/-
२४.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२० लाख सारेर अवकाश भएका कर्मचारीलाई सेवा निवृत्त सुविधा वितरण गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।	
	• **अनुदान फिर्ता, वितरण र उपयोग**	
२५.	**अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।	
	भौ न २९०।३।२१ संघीय समपुरक अनुदान रु १ करोड ७० लाख प्राप्त भएकोमा पुरै रकम खर्च गरेको छ। शर्त अनुसार समपुरक कार्यक्रमको लागि ५०% रकम नगरपालिकाले व्यहोर्नु पर्दछ ।जिल्ला प्रहरी कार्यालय देखि भन्सार कार्यालयसम्म rcc drain निर्माण गर्न khadka krishna construction लाई रु. १ करोड २१ लाख ४३ हजार ४२० भुक्तानी भएको छ ।उक्त योजनामा समपुरक अनुदान बाट नगरपालिकाले ४ लाख ८९ हजार ३५७ र संघीय समपुरक अनुदानबाट रु. एक करोड १६ लाख ५४ हजार ६३ खर्च लेखेको छ ।शर्त विपरित बढी खर्च लेखेको रु. १ करोड ११ लाख ६४हजार ७०६ र अन्य आयोजना कार्यक्रममा खर्च गरेको रु. ५३ लाख ४५ हजार ९३७ समेत रु एक करोड ६५ लाख १० हजार ६४३ संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.	१६५१०६४३/-
२६.	**महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.३४६५८१/- खर्च गरेको छ ।यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।	
२७.	**बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १८ करोड ५८ लाख ७९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
	• **कर दस्तुर एवं आन्तरिक आय**	
२८.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.९१५००००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.८७०७८७७/- अर्थात अनुमान भन्दा ९५.२० प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	आवश्यक देखिएको छ ।	
२९.	**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।	

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५६५०३३०००	२३२३१०००	४.११

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.११ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३०.	**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल कर उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	६५,००,०००	५६,१९,७९२	८६.५
घरजग्गा वहाल कर	१०,००,०००	१७,४७,९५७	१७४
व्यवसाय कर	१२,००,०००	११,९९,७३०	९९.९
वहाल विरौटी शुल्क	४,५०,०००	१,४०,३९८	३१.२
जम्मा	९१,५०,०००	८७,०७,८७७	९५.२

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३१.	**आय बक्यौता -** स्थानीय सरकार संचालन ऐन, २०७४ मा कर शुल्क उठाउने व्यवस्था छ । आय ठेक्का वापतको रकम सम्झौतानुसार समयमा असुल गरि आन्तरिक स्रोत परिचालन गर्नुपर्नेमा बक्यौता रकम असुल गरेको छैन ।नियमानुसार हर्जना समेत गणना गरि असुल हुनु पर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा प्रगति भएको छैन ।	

आय ठेक्का शीर्षक	ठेकेदारको नाम	बक्यौता रकम
पशुहाट बजार	अब्दुल रहमान गद्दि	४४०२८८०
पशुहाट बजार	राजेन्द्र कुमार यादव	७९०७८७
माछा पालन सर्यु नदि	श्याम पन्त	५४८६५६
अस्थायि पसल कर	हरि प्रसाद पासी	४२१४१
जम्मा		५७८४४६४

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३२.	**राजस्व आम्दानी** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । नगरपालिकाले कुन वडालाई कतिवटा नगदी रसिद पठाएको हो सो मध्ये कति खर्च भयो र कति बाँकी छन उक्त वडावाट कति आम्दानी भयो जस्ता अभिलेख पेश नगरेको कारण राजस्व आम्दानी भिडान गर्न सकिएन ।	
३३.	**राजश्व दाखिला :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडा नम्वर ९ को वडा सचिव राम प्रसाद चौधरीले राजश्व वापत असुलि रकम रु.३१९८५५/- दाखिला नगरेकाले १० प्रतिशत जरिवाना रु.३१९८५।५० समेत असुल हुनुपर्ने रु....	३५१८४०/५०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३४.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर संकलन रु.११९९७३०/- गरेको छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
	• **उपभोक्ता समिति मार्फत कार्य**	
३५.	**लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
३६.	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकीन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
३७.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित निम्न योजनाका उपभोक्ता समितिहरुले शतप्रतिशत डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।यसरी शत प्रतिशत कार्य मेशिनवाट हुने कार्य उपभोक्तावाट गराउदा उपभोक्ताले निर्माण व्यवसायी वा सवकन्ट्याक्टरवाट गराउने गरेको देखिएकोले यस यस्तो कार्य नगरपालिकाले नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
३८.	आर्थिक कार्यविधी ऐन,२०६४ को नियम ३६(३) वमोजीम विल भरपाई सहित लेखा राख्नुपर्दछ । भौ. न. २५३।३।११ इन्द्रपुर देखि लालपुर जोड्ने सडक र हुलाकी सडक देखि जिगरिया जाने सडक माटो पटान तथा ग्राभेल गर्न उपभोक्ता समितिसग रु.३५३३६७३/- को सम्झौता भएकोमा रु. ३५०२६०६/- को प्राविधिक मूल्याङ्कन भै कार्य सम्पन्न भएको छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० विपरित १९७५ मिटर लामो सडक ग्राभेल कार्यको लागि उपभोक्ता समितिले १४ सय घन मिटर ग्राभेल रु.१९ लाख ६० हजारमा विक्रेता अमर बहादुर भण्डारीलाई भुक्तानी गरेको कर विजक पेश नगरी भरपाइ पेश गरेको छ । करयोग्य निर्माण सामाग्रि मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गर्नुपर्नेमा नगरेको देखियो ।	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३९.</td><td>आर्थिक कार्यविधी ऐन,२०६४ को नियम ३६(३) वमोजीम विल भरपाई सहित लेखा राख्नुपर्दछ । भौ. न. २५२।३।३१ बाटो निर्माण तथा मर्मत उपभोक्ता समिति वडा नम्बर १२ ग्राभेल sub-base को कार्य गर्न रु.५५ लाख ३३ हजार ४१९ को सम्झौता भएकोमा रु.५५ लाख ७२ हजार ११७ को प्राविधिक मूल्याङ्कन भएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० विपरित ३४ सय ७० मिटर लामो sub-base को कार्य गर्न उपभोक्ता समितिले २०८० घन मिटर ग्राभेल विमल केसीबाट खरिद गरि २४ लाख ९६ हजार भुक्तानी गरेको कर विजक पेश नगरी भरपाई पेश गरेको छ । करयोग्य निर्माण सामाग्रि मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गर्नुपर्नेमा नगरेको देखियो । grader २४ घण्टा रोलर ६ घण्टा बिमल केसिबाटै भाडामा लिएकोमा २१३६० लिटरको डिजेल खर्च रु.१७६०४९०/- को विजक पेश गरेको छ । उपभोक्ता समितिले पेश गरेका विल भरपाइ यथार्थमा आधारित देखिएन ।</td><td></td></tr>
<tr><td>४०.</td><td>तराई मधेश समृद्धि कार्यक्रम - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ९ विपरित धोवियाघाट पण्डितपुर शान्ति प्रावि सडक कालोपत्रे गर्ने उपभोक्ता समितिको योगदान रु४४७४२७।६१ र अनुदान रु३८६६५७७ दिने सम्झौता भएको छ ।उपभोक्ताले सम्झौताअनुसार कालो पत्रे कार्य गर्नुपर्नेमा गरेको छैन । उपभोक्ता समितिले गरेको ग्राभेल कार्यको प्राविधिक मूल्याङ्कन रु.१९२१९३१।९६ गरी रु.१६७०९२०।५६ भुक्तानी भएको छ । सम्झौताअनुसार काम सम्पन्न गर्नुपर्नेमा नगर्नेलाई अनुसार कारबाही गर्नुपर्छ ।</td><td></td></tr>
<tr><td>४१.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) अनुसार निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समितिबाट लिन सकिने उल्लेख छ । मालसामान खरिदको उपभोक्ता समितीले गर्ने व्यवस्था खरिद ऐन र नियमाबलीले नगरेको अबस्थामा उपभोक्ता समितीसंग सम्झौता गरि उपभोक्ता समितीले मालसामान खरिद गर्ने गरेको पाइयो ।स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७४ मा नगरपालिकाले सार्वजनिक खरिद गर्नु पर्दा संघिय सार्बजनिक खरिद ऐन बमाजिम गर्नुपर्ने ब्यबस्था छ । नगरपाालिकाले खरिद सम्बन्धि कार्यका लागी पनि कार्यक्रम स्वीकृत गरी उपभोक्ता समिति संग सम्झौता गरेको र सम्झौतामा जडान, गुणस्तर परीक्षण , वितरण , वितरण पश्चातको मर्मत सम्भार र प्रयोग अवधि लगायतका जिम्मेवारी तोकिएको देखिएन । उपभोक्ता समितिले खरिद गर्दा सार्बजनिक खरिद ऐनको पालना गरेको अबस्था छैन । नियमको पालना हुनु पर्दछ ।
<table>
<tr><th>भौ. नं र मिती</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१६३</td><td>विद्युत तार पोल खरिद वडा न .२</td><td>४९३२२१</td></tr>
<tr><td>९।०७७।३।३०</td><td>सडक सोलार बत्ती वडा न .३</td><td>१२८३७९५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७७७०१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.</td><td>भौचर नम्वर ७८७ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार विल भरपाई सहित खर्च लेख्नुपर्दछ । व्लाक बक अर्डर एण्ड सप्लायर्सबाट रु.१२९४०००/- को ग्यास सिलिण्डर खरिद गरि वडावासी विपन्न वर्गलाई वितरण गरेको भरपाई पेश गरेको छ । ग्यास सिलिण्डरग्राही छनौटको आधार नखुलेको र ग्यास रिफिल गर्ने क्षमताको यकीन नै नगरी वितरणमुखि कार्यक्रम स्वीकृत गरि खर्च गरेको छ । निश्पक्ष र न्यायोचित ढंगबाट छनौट तथा वितरण भएको सुनिश्चित गर्ने आधार पेश भएन । यस तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयनको व्यवस्था छ । भौ. न. ७६ वडा नम्वर ६ ७ र ८ को बजार क्षेत्रमा पक्कि नाला निर्माण गर्न निर्माण व्यवसायी खडका कृष्ण जय धन्नजय जे. भि. सँग २०७६।९।२८ मा रु.५करोड ६८ लाख ८० हजारको सम्झौता भएको रहेछ। सम्झौताअनुसार उक्त कार्य २०७७।३।२१ मा सम्पन्न गर्नुपर्नेमा तोकिएको म्यादमा कार्य हुन नसकी ६ महिना म्याद थप भएको देखियो ।यस वर्ष पेश्की रु.१ करोड र दोस्रो रनिङ्ग विलसम्म रु. १८११६८९२/- भुक्तानी भएको छ ।सम्झौताअनुसार कार्यतालिका र गुणस्तर आश्वस्तता योजना पेश भएको छैन । निर्माण कार्यको अवस्था यकीन भएन ।</td><td></td></tr>
<tr><td>४४.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । प्रिमिक्स सडकको कार्य गर्दा WBM गर्ने काम अगाडीको ग्राभेल र पहिला निर्माण गर्नुपर्ने WBM र प्राइम कोट, टेक कोट को कार्य प्रिमिक्स भन्दा कम भएको देखिएकाले वास्तविक कार्य परिमाण यकीन गर्न सकिएन । निम्नानुसार भएको भुक्तानीको सम्वन्धमा यकीन गर्न सकिएन । वडा नम्वर ३ र ४ को कालोपत्रे गर्ने खरिद सम्झौतामा अमन कन्शट्रक्शनलाई सम्झौताभन्दा ३२९।६० मि लामो बढी ग्राभेल वर्कको भुक्तानी गरेकोमा सो को आधार पेश भएन ।	

आईटम	ग्राभेल अनुसार हुनुपर्ने परिमाण (वर्ग मी.)	भएको परिमाण (वर्ग मी.)	वढि परिमाण (वर्ग मी.)	निर्माण व्यवसायी
WBM गर्ने काम	१४३२।३०	१४३८।२०	५९	यादव कन्शट्रक्शन
आईटम	WBM अनुसार हुनुपर्ने परिमाण वर्ग मी.)	भएको परिमाण (वर्ग मी.)	वढि परिमाण (वर्ग मी.)	निर्माण व्यवसायी
प्राइम कोट, टेक कोट को कार्य	१५३४	१६३१	९७	अमन कन्शट्रक्शन

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४५.	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले ऐन विपरित वित्तीय समानीकरण अनुदानबाट स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका नि.मा.वि. तर्फ २३ र मा.वि. तर्फ ८ शिक्षक र ने.रा.प्रा.वि. तेजिपुरमा भान्सेको तलव खर्च रु १५००००/- समेत रु.६७०६८१०/- तलब भत्ता भुक्तानी गरेको रु..	६७०६८१०/-
४६.	**कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको** – नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । नगरपालिकाले उक्त पुस्तीकामा उल्लेख भए वाहेक विद्यालयको विद्युत महसुल रु.९१८८००/- भुक्तानी गरेको छ । पुस्तिकामा उल्लेख भए अनुसार विद्यालय व्यवस्थापन खर्च छुट्टै जाने भएकोमा पुन विद्युत महसुल भुक्तानी गरि थप व्ययभार पारेको देखियो ।	

भौ नं र मिति	महसुल रकम
११५।०७६।७।१४	८६८२९
२१०।०७६।८।१३	१९३५००
३८७।०७६।१०।२	१०००००
६८९।०७७।३।१८	५३८४७१
जम्मा	९१८८००।००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४७.	**अनुगमन भत्ता :** भौ. नं. ७५३ मिति २०७७।३।२७ लुम्विनी प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धि ऐन २०७७ वमोजिम अनुगमन खर्चको व्यवस्था नगरेको तथा कर्मचारीले आफ्नो कार्यक्षेत्र भित्र कामको अनुगमन गरे वापत भत्ताको व्यवस्था नभएकोमा पदाधिकारी तथा कर्मचारीहरुलाई अनुगमन वापत प्रति दिन रु.१०००/- का दरले रु.२६२०००/- भुक्तानी गरेको रकम नियम सम्मत देखिएन । यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।	
४८.	**गैर सरकारी संस्थावाट कार्य गराएको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सवलिकरण, मुल प्रावधिकरण जस्ता कार्य गरी सहकारी संस्थाबाट गराउदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्ने सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को ९९(२) मा उक्त कार्य गराउनको लागि त्यस्तो काम गर्न उद्देश्य राखी प्रचलित कानुन बमोजिम दर्ता	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भएको र नियम १८ बमोजिमको मौजुदा सुचिमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीय स्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने तथा नियम ९९(५) मा कार्यक्षेत्रगत शर्त पूरा गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव सिफारिसको आधारमा सार्वजनिक निकायले प्रस्ताव स्वीकृत गरी सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, यसैगरी सोहि नियमावलीको नियम ९९ मा कुनै खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थाई लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विना प्रक्रिया उक्त संस्थाहरुवाट तालिम संचालन गरि रकम भुक्तानी गरेको देखियो ।
<table>
<tr><th>भौ. नं. र मिति</th><th>कार्यक्रम</th><th>सेवा प्रदायक संस्था</th><th>भुक्तानी</th></tr>
<tr><td rowspan="2">७२२-०७७।३।४</td><td>आधारभुत डकर्मि तालिम ३ महिने</td><td>आत्मनिर्भर तालिम केन्द्र गुलरिया</td><td>२०००००</td></tr>
<tr><td>महिलाका लागि सिलाईकटाइ तालिम ३ महिने</td><td>आत्मनिर्भर तालिम केन्द्र गुलरिया</td><td>३९९९०७</td></tr>
<tr><td>७५९-०७७।३।३१</td><td>महिलाका लागि सिलाईकटाइ तालिम</td><td>आत्मनिर्भर तालिम केन्द्र गुलरिया</td><td>१२५०००</td></tr>
<tr><td>७९४-०७७।३।३१</td><td>युवा युवतीका लागि आधारभुत कम्प्यूटर तालिम</td><td>उत्सव टेक्नोलोजि एण्ड ट्रेनिङ सेन्टर</td><td>१९९८९७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>९२४८०४</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९.</td><td>४९।७।२८, २०९ ,२३० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा मा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । संगम कन्क्रिट उत्पादन प्रा.ली.बाट रु.२५८०३९४ को हयुमपाइप खरिद गरेकोमा सोको दाखिला र जडान प्रतिवेदन पेश नगरेकोले नियमानुसार दाखिला र जडान प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०.</td><td>डोजर, लोडर, एक्साभेटर : पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत पालिकाले नगण्य आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । पालिकाले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।</td><td></td></tr>
<tr><td>५१.</td><td>सोझै खरिद –सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५लाख भन्दा माथि रु.२० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ।त्यस्तै सो खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एकपटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ।पालिकाले यो वर्ष प्रतिस्पर्धात्मक विधि वेगर कोटेशन मार्फत निम्नानुसारको सप्लायर्सबाट सोझै खरिद गरेको छ ।
<table>
<tr><th>सि .नं</th><th>भौ.नं. र मिति</th><th>कामको विवरण</th><th>सप्लायर्स वा पार्टी</th><th>रकम</th></tr>
<tr><td>१</td><td>विभिन्न</td><td>मेशिनरी औजार</td><td>विभिन्न</td><td>५२६१४६३</td></tr>
<tr><td>२</td><td>विभिन्न</td><td>फर्निचर</td><td>विभिन्न</td><td>१६७१२७६</td></tr>
<tr><td>३</td><td>विभिन्न</td><td>पुजिगत परामर्श</td><td>विभिन्न</td><td>१५२७२१०१</td></tr>
<tr><td>४</td><td>विभिन्न</td><td>मसलन्द</td><td>विभिन्न</td><td>४७९८३७२</td></tr>
<tr><td>५</td><td>१६३ र २३०</td><td>हयुम पाइप वडा नम्वर २ ४ र ८</td><td>सगम कन्क्रिट उत्पादन प्रा लि</td><td>१०८८७५३</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२८०९१९६५/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२.</td><td>नगरपालिकाले संघिय सरकार मातहतका कार्यालय र निजी संस्थाका भौतिक संरचनामा आधार बेगर रु. ५३७२८६४/- खर्च गरेको देखियो । संघिय सरकारबाट पनि त्यस्ता कार्यालयलाई बजेट विनियोजन भई कार्य हुने हुदा दोहोरोपना हुन सक्ने स्थिती हुन्छ । यसर्थ यस तर्फ ध्यान दिनु पर्दछ ।
<table>
<tr><th>सस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>जिल्ला प्रशासन कार्यालयको शौचालय निर्माण</td><td>४०००००</td></tr>
<tr><td>जिल्ला प्रहरी कार्यालयको वाल निर्माण</td><td>५०००००</td></tr>
</table></td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

जिल्ला समन्वय समितिलाई साहयता	७०००००
शसस्त्र वेश क्याम्प निर्माण कोठारीपुरुवा ७	९७०६८८
नेपाल पत्रकार संघको भवन निर्माण	७८३७४९
जिल्ला प्रहरी कार्यालयको नागरिक साहयता कक्ष निर्माण	४७००००
जिल्ला हुलाक कार्यालयको भवन व्यवस्थापन	३४८५३०
जिल्ला प्रहरी कार्यालयको साइकल खरिद	९९९९८
सिमा प्रहरी चौकीको साइकल खरिद	३००००
प्रहरी चौकी १० नम्बर गोलघर निर्माण वार्ड नम्वर ३	५००००
राष्ट्रिय अनुसन्धान कार्यालयको मोटर ग्यारेज निर्माण	१९८९९
दिर्घकालिन महिला कृषि सहकारी सस्थाको भवन निर्माण	१००००००
जम्मा	५३७२८६४

५३. आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(३) वमोजिम विल भरपाई सहित लेखा राखुपर्दछ । कृषि तर्फ देहायका कार्यक्रममा कृषक समुह पकेट एरिया छनौटको स्पस्ट मापदण्ड नबनाइ खरिद र वितरण लगायतका कार्य गरेकाले लक्षित समुहले यथोचित लाभ लिएको सुनिश्चित हुन सकेन ।

कार्यक्रम	रकम
च्याउको विउ वितरण २०० प्याकेट	१३००००
तरकारी बालिको विउ मिनिकिट १५०० वटा वितरण	२२५०००
आँप लिचि कटहर कागति अनार अम्वा केराको ७५५ वटा विरुवा वितरण	३३३०००
हाते च्याप कटर १२५ वटा	७५००००
बर्षिम घास बिउ ३३ क्विन्टल	४९५०००
मिल्क एनालाइजार १ वटा	१७५०००
मुर्रा रागा प्रजननयोग्य ३ वटा	३०००००
बोका प्रजननयोग्य ३ वटा	१४५०००
जम्मा	२५५३०००

सशर्त कार्यक्रमतर्फ

५४. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

विद्यालयको तह	शिक्षक दरवन्दी		पदपूर्तिको अवस्था		विद्यार्थीको संख्या
	स्थायी	राहत अनुदान	स्थायी	करार	
उ.मा.वि.		१२		१२	८४१
मा.वि.	१९	११	१९	११	१८६५
नि.मा.वि.	२१	१८	२०	१९	३५४१
प्रा.वि.	१३१	८१	१२३	८९	७९१३

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

५५. **शिक्षकको तलब भत्ताः** स्थानीय तहले कार्यरत शिक्षकको तलब, भत्ता निर्धारण गरी शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ अनुसार मिलान/व्यवस्थापन अध्यावधिक गरी यकीन भएको दरवन्दीको आधारमा गर्ने स्थायी शिक्षकको तलवी प्रतिवेदन पारित गराई सो प्रतिवेदनका आधारमा अनुदान दिने व्यवस्था छ । विद्यालयगत निकासा खाता नराखी तलब खर्च रु.१३६८६९१५८/- लेखेकोले यथार्थता यकीन हुन सकेन ।

५६. **पाठ्यपुस्तकः** प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि दोश्रो चौमासिक भित्र कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकीन गरी ७५% संख्यालाई पालिकाले उक्त

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	समयावधीमा अनुदान उपलब्ध नगराई यस वर्ष रु. ६३५११३९/- अनुदान ९०.०१% संख्यालाई उपलब्ध गराएको छ । २०७७ वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए/नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने व्यवस्था छ । कोरोना भाइरसको कारण लकडाउन भई विद्यालय बन्द रहेको अवस्थामा पठन-पाठन र भर्ना कार्य पनि स्थगित रहेको अवस्थामा खरिद एंव वितरण कार्य भएको सुनिश्चित हुने आधार पेश भएन । तोकीएको व्यवस्थानुसार कार्यान्वियन हुनुपर्दछ ।	
५७.	**दिवा खाजा** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७मा विद्यालयमा विद्यार्थी दैनिक हाजिर भएको हाजिरि पुस्तकको प्रतिलिपी विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणीत गराई संकलन गर्ने मुसहर समेत २२ जातजातिका वालवालिकालाई दिवा खाजा दिने, विद्यालयले नियमित घरबाट खाजा ल्याउने शर्तमा अभिभावकलाई वितरण गरी भर्पाई गराई राख्ने र सो को अनुगमन गर्ने उल्लेख छ यस वर्ष नगरपालिकाले कोरोना भाइरसको कारण लकडाउन भई विद्यालय बन्द रहेको अवधी समेतको दिवा खाजा वापत रु.११८५४५७५/- खर्च लेखेको छ । तोकीएको व्यवस्थानुसार कार्यान्वियन भएको सुनिश्चत गर्ने अनुगमन प्रतिवेदन लगायतका आधार पेश हुनुपर्दछ ।	
५८.	**छात्रवृत्ति** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ बुँदा ४ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि आवासिय तथा गैर आवासिय छात्रवृत्तिको व्यवस्था छ । उक्त व्यवस्थानुसार आवासिय छात्रवृत्तिको दर प्रति विद्यार्थी वार्षिक रु ४० हजार र गैरआवासिय छात्रवृत्ति तर्फ कक्षा १-८ छात्रालई र दलित छात्रवृत्ति कक्षा १-८ प्रति विद्यार्थी वार्षिक रु. ४ सय रकम विद्यालयलाई निकासा गर्दा सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्क सँग सम्पादन गराई शिक्षा अधिकृतबाट प्रमाणित गराई सोको आधारमा अनुदान दिने र आवासिय छात्रवृत्तिको लागि स्थानीय तहले विद्यार्थीको संख्या यकीन गरी विद्यालयको रकम मागका आधारमा चौमासिक रुपमा अनुदान दिनु पर्दछ । यस वर्ष नगरपालिकाले रु.३०९५४००/- छात्रवृत्ति उपलब्ध गराएको छ । छात्रवृत्ति वितरणको भरपाई विद्यार्थीको नाम सहितको विवरण र विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका २०७४ अनुसार रकम खर्च भएको अनुगमन प्रतिवेदन पेश नभएकाले यथार्थता यकीन हुन सकेन ।	
५९.	**औषधी खरिद** -नगरपालिकाले रु.७०००००/- को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
५९.१.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको,	
५९.२.	आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन ।	
५९.३.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
६०.	**प्रधानमन्त्री रोजगार कार्यक्रमः-** वर्षमा वेरोजगार युवालाई १०० दिनको रोजगारी उपलव्ध गराउने लक्ष्य राखिएको कार्यक्रममा रु. ७५०००००/- वजेट विनियोजन भएकोमा खर्च नभइ शुन्य प्रगति भएको छ ।तर रोजगार सयोजकको तलब भत्तामा रु.४७७८७०/- खर्च भएको छ । यसबाट पालिकाले सुचिकृत वेरोजगारलाइ रोजगारी	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	उपलव्ध नगराएको अवस्था देखियो।	
	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमः	
६१.	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७६ को नियम ८ मा आयोजनाको किसिमका सम्बन्धमा उल्लेख गरेको छ । यस्तै नियम ९ मा अनुसूची २ बमोजिमको ढाँचामा विवरण तयार गरी आयोजना छनोट भएको पन्ध्र दिनभित्र मन्त्रालय तथा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ भन्ने व्यवस्था भएतापनि छनोट भएका ७ आयोजनाहरुको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश नभएको पाईयो ।	
६२.	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७६ को नियम ११ को उपनियम ३ मा रु. पचास लाख रुपियाँ वा सोभन्दा बढी रकमको लागत अनुमान भएका आयोजना बोलपत्रको माध्यमबाट ठेक्का लगाउनुपर्ने व्यवस्था भएकोमा तपशिल बमोजिमका आयोजनामा नियमको पालना भएको देखिएन । योजनाको नाम — लागत अनुमान कोटहि मन्दिरमा धर्मशाला निर्माण — ५२८१७८५ कृष्णसार सरक्षण क्षेत्र पुर्वाधार व्यवस्थापन — ५००००००	
६३.	प्रदेश सरकार — चालु आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) वमोजिम विल भरपाइ सहित लेखा राख्नुपर्दछ । नगरपालिकाले प्राविधिक शिक्षाको लागी श्री ध्रुव मा. वि.लाई रु १००००००/- निकासा दिएकोमा उक्त खर्चको विल भरपाई पेश नभएको रु.	१००००००/-
६४.	**संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम** राष्टिय योजना आयोग विशेष अनुदान अन्तरगत डम्पिङ्ग साइटमा फोहोर सेग्रिगेशन सेड निर्माण गर्न लागत अनुमान रु.९६०७२२३।१८ भएको कार्यको २०७६।०९।२३ मा डम्पिङ्ग साइट निर्माण उपभोक्ता समिति गुलरियासँग सम्झौता गरि कार्य गराएकोमा उक्त सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।	
६४.१.	आयकर नियमावली २०५९ को दफा ८९ (३ क) अनुसार रु.५० लाख भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई भुक्तानी गर्दा अग्रिम कर १.५ प्रतिशत कट्टा गर्नुपर्ने उल्लेख छ । डम्पिङ्ग साइट निर्माणको उपभोक्ता समितिलाई रु.९१७४४५६।०० भुक्तानी गर्दा रु. १३७६१६।०० कट्टा गर्नुपर्नेमा रु.१११८९३।०० मात्र कट्टा भएकोले नपुग रु.२५७२३।०० असूल गरि राजस्व दाखिला हुनुपर्ने रु.	२५७२३/-
६४.२.	नगरपालिकाको निर्माण संहिता अनुसार उपभोक्ता समिति मार्फत निर्माण गरिने भवन निर्माणमा उपभोक्ताले लागत अनुमानको ७ देखि १५ प्रतिशत रकम जनसहभागिता वापत हुनुपर्ने उल्लेख भए वमोजिम डम्पिङ साइटको कुल मुल्यांकन रु.९१७४४५६।०० भएकोमा उक्त रकमको न्यूनतम ७ प्रतिशतले रु.६४२२१२।०० जनश्रमदान हुनुपर्नेमा मुल्यांकन वमोजिमको शत प्रतिशत नगरपालिकाबाट भुक्तानि भएकोले नगरपालिकाको निर्माण संहिता अनुसार काम कारवाहि नभएको रु.	६४२२१२/-
६५.	**कन्टिन्जेन्सी खर्चको अभिलेख** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालिकावाट योजना कार्यान्वयन गर्ने क्रममा कार्यक्रम खर्चबाट रु.१५४३१६६/-कट्टी गरेको छ । पालिकाले आर्थिक वर्ष २०७६/७७ मा कन्टीन्जेन्सी बापत कति कट्टी गरेको हो र यसरी कट्टी गरेको रकम कति खर्च भएको हो सोको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	
६६.	**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण कार्य सकिएका योजनाको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकीन हुन सक्ने अवस्था देखिएन ।	
६७.	**सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
६८.	**गुणस्तर परीक्षण र नियन्त्रण** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (१) को खण्ड (ग) र सो को नियमावलीको नियम १११(१) को खण्ड (ङ) मा निर्माण कार्यको गुणस्तर परीक्षण र नियन्त्रणको व्यवस्था गरेको छ । ठेक्का संझौताका दफाहरुले गुणस्तर माथी कार्यालय प्रमुखको प्रत्यक्ष नियन्त्रण रहने व्यवस्था गरेको छ । निर्माण व्यवसायीलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाई त्यसको आधारमा सिमेण्ट, डण्डी, इट्टा, गिट्टी, ढुंगा, बालुवा, जि.आइ.तार माटो, विटुमिन कम्प्याक्सन, पाइप, वालुवाको मोरटार, सिमेन्ट, कंक्रिट क्यूव आदीको परीक्षण गराउनु पर्दछ । यस सम्बन्धमा निम्न व्यहोरा छन ।	
६८.१.	यस वर्ष पुल/भवन/सिचाइ/खानेपानी योजनाहरुमा खर्च गरेकोमा त्यसको गुणस्तर परीक्षण नगरी वा आंशिक परीक्षण गरी भुक्तानि दिएको छ ।	
६८.२.	यस पालिकाले निर्माण व्यवसायीहरुलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाएको देखिएन । यसबाट गुणस्तर परीक्षण तथा नियन्त्रण प्रति पालिकाको प्राथमिकता र प्रतिवद्धतामा कमी रहेको पाइयो ।	
६८.३.	निर्माण सामग्रीको गुणस्तर परीक्षण गरी ती सामग्री प्राप्त गर्ने स्थान तोक्नु पर्नेमा सो को कार्यान्वयनका नगर्नुका साथै स्थान उपर पालिकाको नियन्त्रण रहेको देखिदैन ।	
६८.४.	पालिकाका प्राविधिकहरु निर्माण स्थलमा उपस्थित भइ निरीक्षण गरेर कामको गुणस्तर नियन्त्रण गर्नु पर्नेमा निरीक्षणको अभिलेख र साइट डायरी नराखेको कारण पर्याप्त रुपले नीजहरुको उपस्थिती सुनिश्चित गर्ने आधार छैन ।	
	सामाजिक सुरक्षातर्फ	
६९.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाईटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाईएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।	
७०.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६ (क) मा स्थानिय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गतेबाट दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेष्ठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्थाको पालना भएको पाईएन ।	
७१.	**बैंक मार्फत भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा २२ मा स्थानिय तहले सशर्त अनुदानको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ । नगरपालिकाले बैकिङ्क प्रणाली मार्फत भत्ता	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	वितरण नगरी स्वीकृती विना नै हातहातै नगद वितरण गरेको पाईयो । कार्यविधिमा व्यवस्था भए बमोजिम पालना गर्नुपर्दछ ।	
७२.	मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पांच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ । नगरपालिकाको वडागत मुल अभिलेख खाता लेखापरीक्षणको क्रममा पेश हुन नआएकाले सो सम्वन्धमा यकीन गर्न सकिएन ।	
	विपद् व्यवस्थापन	
७३.	**वार्षिक प्रतिवेदन—** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
७४.	प्रकोप व्यवस्थापन कोषः- यस कोषवाट रु.२६५९३२१४।२३ खर्च भएको छ । यस सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् :	
७५.	**जोखिम भत्ताः** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । तर पालिकाले अग्रपंतिमा खटेका ४६ जना स्वास्थ्यकर्मी, ६ प्रशासनिक कर्मचारी गरी ५२ जनालाई प्रति दिन रु.५००/- का दरले २०७६ चैत्र ११ देखि आषाढ मसान्तसम्मको रू. १६ लाख ७७ हजार ५ सय खर्च लेखेको छ ।	
७६.	**राहत वितरण** —कोरोना भाइरस संक्रमण (कोभिड १९) प्रभावित मजदुर, श्रमिक, गरीब तथा आर्थिक रूपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६ को बुदा नं. ३ अनुसारको समितिको सिफारिसमा आफ्नो वडा भित्र राहत उपलब्ध गराउनु पर्ने लक्षित समुहको पहिचान गरी अनुसुची १ को ढाँचामा विवरण तयार गरी वडा कार्यालय लगायत संचार माध्यममा समेत सार्वजनिक गरी सम्बन्धित स्थानीय तहमा पठाउन पर्ने व्यवस्था छ । पालिकाले २१६५ जना परिवारलाई रू. ५००को दरले रू.१०८२०००/- नगदै भुक्तानी दिएको र प्रति परिवार २५ के. जि. का दरले ५४१२५ के.जि. चामल वितरण गरेको छ ।सो चामल रु.२३३००३३/- मा सोझै खरिद कारवाहि गरेको छ । साथै ती व्यक्तिहरूलाई दिएको नगद राहत र जिन्सी राहत दोहोरो परे नपरेको समेत यकीन गर्न सकिएन । समितिको सिफारिसमा आफ्नो वडा भित्र राहत उपलब्ध गराउनु पर्ने लक्षित समुहको पहिचान गरी अनुसुची १ को ढाचामा विवरण तयार गरी वडा कार्यालय लगायत संचार माध्यममा समेत सार्वजनिक नगरेकोले राहत वितरण कार्य नियमसँगत रहेको सुनिश्चत हुन सकेन ।	
७७.	**औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि स्वास्थ्य सामग्री रु.२०१९७९५ को खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । पालिकाले उपयुक्त खरिद विधि अवलम्बन गर्न नसक्दा एउटै	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सामानको समेत न्यूनतम् र अधिकतम् मूल्यवीच धेरै अन्तर रहेकोले पालिकाले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>७८.</td><td>खाना खर्चः क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ अनुसार क्वारेन्टाइन बस्ने व्यक्तिहरुलाई प्रति दिन प्रति व्यक्ति जिल्ला प्रहरी कार्यालयको निर्धारित राशनदररेट बमोजिमको खाना खाजा खर्च उपलब्ध गराउने र सो को व्यवस्थापन सुरक्षा निकायले गर्ने उल्लेख छ ।नगरपालिकाले २ आईसोलेशन केन्द्र र १२ क्वारेन्टिन सञ्चालन गरि क्रमश ५५ जना र २२०४ जना गरि २२५९ जनालाई सेवा उपलव्ध गराएको विवरण पेश भएको छ । क्वारेन्टिन र आईसोलेशन केन्द्र निर्माण र खाजा खानामा रु. १८३६०१११ खर्च भएको विवरण पेश भएको छ ।क्वारेन्टिन र आईसोलेशन केन्द्रगत खाजा खाना खर्चको विवरण पेश भएन ।तसर्थ निर्धारित राशनदररेट बमोजिमको खाना खाजा खर्च भएको यकीन भएन ।</td><td></td></tr>
<tr><td>७९.</td><td>क्वारेन्टाइन सामग्री खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपयुक्त खरिद विधि अवलम्बन नगरी अधिकांश सामानहरू सोझै खरिद गरेकोले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>८०.</td><td>आन्तरिक लेखापरीक्षणः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आय व्ययको आन्तरीक लेखापरीक्षण समयमा गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाको आन्तरीक लेखापरीक्षण समयमा सम्पन्न गर्नुपर्नेमा आन्तरीक लेखापरीक्षण शाखाले २०७७।८।२१ मा सम्पन्न गरेको छ । आन्तरीक लेखापरीक्षण गर्दा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६(२) बमोजिम वित्तिय प्रतिवेदनले सही र यथार्थ चित्रण प्रस्तुत गरेको औल्याउनु पर्ने उल्लेख भएकोमा सो व्यहोरा प्रतिवेदनमा समावेश छैन । संघिय र प्रदेश सरकार तर्फ शिर्षकको कारोवारको कोष तथा लेखा नियन्त्रक कार्यालय, बर्दियाबाट आन्तरीक लेखापरीक्षण सम्पन्न गरेको देखियो । आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा भएको देखिएन । आन्तरीक लेखापरीक्षणबाट औल्याएका देहायका व्यहोरा असुल फछ्र्योट हुनुपर्ने रु.
<table>
<tr><th>भौचर नम्वर र मिति</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td></td><td><u>दरभाउ पत्र बेगर देहायका ४ फर्मबाट खरिद कारवाहि गरेको</u></td><td></td></tr>
<tr><td>४</td><td>ॐ शान्ति अफसेट प्रेस</td><td>११८३८४</td></tr>
<tr><td>४३२</td><td>सनराइज कटपिस सेन्टर</td><td>१६००००</td></tr>
<tr><td>१९</td><td>भगवति फर्निचर उधोग</td><td>१०२८३०</td></tr>
<tr><td>७८८</td><td>अर्घाखाची होटल</td><td>७३६००</td></tr>
<tr><td>३।०७६।९।२७</td><td>उपभोक्ता समितीसंग सम्झौता गरि नियम विपरित रु. २८८२००० पेश्की दिएको ।</td><td></td></tr>
<tr><td>७६१।०७७।३।२९</td><td>तिहार बहादुर चौधरीलाई बढी भुक्तानी</td><td>६००</td></tr>
<tr><td>२१</td><td>भरपाई बेगर निलकण्ठ रेग्मिलाई भत्ता भुक्तानि</td><td>८५०</td></tr>
<tr><td>२३</td><td>सम्झौता बेगर सवारी साधन भाडा खर्च लेखेको</td><td></td></tr>
<tr><td>७५०।३।२७</td><td>ने रा प्रा वि प्रयागपुरलाई सक्कल बिल भरपाई बेगर भुक्तानी</td><td></td></tr>
<tr><td>९।३।३०</td><td>१२ थान सडक सोलार बत्तीको बिक्रिपछिको सेवा वापतको रकम अग्रिम भुक्तानी गरेको
उपभोक्ता समितीलाई अग्रिमरुपमा भुक्तानि गरेकाले असुल गर्नुपर्ने रु</td><td>५४०००</td></tr>
</table></td><td>६७०७९०</td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

	मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गर्नुपर्नेमा देहायका दर्ता नभएका ३ फर्मसँग खरिद गरेको	
७६७।३।२९	रेडीयो रामज्ञानु ८९ मेगाहर्ज	३००००/-
७७३।३।३०	रेडियो टाइगर ९९।२	३००००/-
७४१।३।२६	शिव लाईट एण्ड टेन्ट हाउस	९९६००/-
१।२।९	मदरसा असफिया मसुदुल उलम प्रा वि गसलिरियाको निर्माणमा बढि भुक्तानि असुल गर्नुपर्ने रु	९२६/-
५।३।३०	कोटही मन्दिर व्यवस्थापन समितिसँग मन्दिर निर्माणमा सम्झौता गरेकोमा काम अधुरो रहेको ।म्याद थप र भेरियशन नभएको ।	
	जम्मा	६७०७९०/-

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
८१.	**पेश्की बाँकी :** खरिद सम्झौतानुसार र आर्थीक कार्यविधि नियमावली २०६४ को नियम ७४ बमोजीम पेश्की फछ्यौट हुनु पर्दछ ।यस वर्ष पालिकाको म्याद नाघेको पेश्की रु.३४७०००/- र मोविलाईजेशन पेश्की (म्याद ननाघेको) रु. १ करोड १७ लाख ९३ हजार गरी कुल रु. १ करोड २१ लाख ४० हजार पेश्की रहेको छ । नियमानुसार पेश्की फछ्यौंट हुनुपर्ने रु..	३४७०००/-

सि.न	गो.भौ. नं.	पेश्की लिएको मिति	पेश्की लिनेको नाम	पद	खर्च शिर्षक	वापत	रकम
१	२९८	२०७६।०९।१७	छविलाल ज्ञावाली गुलरिया	वडा सचिव	न.पा	सिलाईकटाई तालिम	७५,०००
२	३८३	२०७६।०९।२९	हरि प्रसाद थारू गुलरिया	व्यक्ति	न.पा	माघी महोत्सव	५०,०००
३	४७७	२०७६।११।२३	न्यू पिंक एण्ड रोज व्युटिपार्लर गुलरिया	संस्था	न.पा	व्युटिपार्लर तालिम	५०,०००
४	४३९	२०७६।११।१२	श्रीया व्युटिपार्लर गुलरिया	संस्था	न.पा	व्युटिपार्लर तालिम	७२,०००
५	४७८	२०७६।११।२३	शान्ती महिला कल्याण समाज गुलरिया	संस्था	न.पा	व्युटिपार्लर तालिम	१००,०००
६	५४ र २६१	२०७६।०९।२९ र १०।०३	खड्का कृष्ण/ जय धन्नजय जे.भी गुलरिया, वर्दिया	निर्माण व्यावसायी	प्रदेश तथा न.पा समपुरक	नाली निर्माण जि.प्र.का देखी वन कार्यालय	६,७९३,०००
७	११७ र १६५	२०७७।०२।२६ र ३।१०	खड्का कृष्ण कन्स्टक्सन कोहलपुर, बांके	निर्माण व्यावसायी	संघ तथा न.पा समपुरक	नाली निर्माण जि.प्र.का देखी भन्सार कार्यालय	५,०००,०००
जम्मा							१२१४००००/-

अनुसुची-१

गुलरिया नगरपालिकाको संचितकोष विवरण
२०७६/७७

कर्णाली प्रदेश

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्याय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
बर्दिया	गुलरिया नगरपालिका	१७२६९९५	३०७००	१.७८	७०४०४	५५३६३२	१०९९९६	२३६१३	२१५५९९	९०२८४०	३८२४३२	१८५३७०	२५६३५३	८२४१५५	१४९०८९

अनुसुची-२

गुलरिया नगरपालिकाको बेरुजु बर्गिकरण(विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजू			वाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
बर्दिया	गुलरिया नगरपालिका	७६	१२	३९११९	०	२	८४१९	७६	१०	३०७००	३७८	५०८६	२४८८९	०	०	०	३४७	०	३४७

अनुसुची-३

गुलरिया नगरपालिकाको अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको वेरुजु रकम	यस प्रतिवेदन सम्मको वाँकी वेरुजु	यस प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
बर्दिया	गुलरिया नगरपालिका	**१९९२९३**	०	०	०	०	०	१९९२९३	३०७००	२२९९९३	१३१७३